जसले अल्लाहसँग शिर्क (कसैलाई साझेदार) नगरेको अवस्थामा भेट्छ, उसले स्वर्गमा प्रवेश पाउने छ, र जसले अल्लाहसँग शिर्क गरेको अवस्थामा भेट्छ, ऊ नर्कमा प्रवेश गर्नेछ ।

जाबिर बिन अब्दुल्लाह (रजियल्लाहु अन्हुमा) ले वर्णन गरेका छन्, मैले रसूल
(सल्लल्लाहु अलैहि वसल्लम)लाई भन्दै गरेको सुनें : "जसले अल्लाहसँग शिर्क (कसैलाई साझेदार) नगरेको अवस्थामा भेट्छ, उसले स्वर्गमा प्रवेश पाउने छ, र जसले अल्लाहसँग
शिर्क गरेको अवस्थामा भेट्छ, ऊ नर्कमा प्रवेश गर्नेछ ।" [सही] [मुस्लिमले वर्णन गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नु भएको छ, जो व्यक्ति अल्लाहसँग कसैलाई साझेदार नगरी मर्छ, उसको गन्तव्य स्वर्ग हुनेछ, यद्यपि कुनै पापको कारणले उसलाई केही यातनाहरू भोग्न परोस् । त्यसैगरी अल्लाहसँग कसैलाई साझेदार गरेको अवस्थामा मर्ने व्यक्ति सधैं नरकमा रहनेछ ।

https://sunnah.global/hadeeth/ne/show/3418